नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
काठमाडौं
(प्रशासन शाखा)

प.स :०७७।७८
च.नं. :- 363

मिति २०७७/०४/२९

## प्रेस नोट

जिल्ला प्रशासन कार्यालय काठमाडौंको मिति २०७७/०४/२९ को कोभिड १९ को मापदण्ड पालना भए नभएको सम्बन्धमा भएको अनुगमन सम्बन्धी विवरण :

पछिल्लो समयमा उपत्यकामा कोभिड १९ को संक्रमण बढ्दो क्रममा रहेको अवस्थामा अत्याधिक भिडभाड हुने स्थानहरु जस्तै सपिङ्ग मल, पसल र बजार क्षेत्रमा नेपाल सरकारले तोकेको मापदण्ड पालना भए नभएको एकीन गरी मापदण्ड अनुरुप गराउनका लागि मिति २०७७/०४/२५ गतेको जिल्ला संकट व्यवस्थापन केन्द्रबाट निर्णय भए अनुसारको अनुगमन समितिले जिल्ला प्रशासन कार्यालयका सहायक प्रमुख जिल्ला अधिकारीहरुको नेतृत्वमा काठमाडौं महानगरपालिकाको त्रिपुरेश्वर, थापाथली, कालीमाटी, कलंकी क्षेत्रमा छुट्टा छुट्टै दुई वटा अनुगमन टोलीले पसल, रेष्टुरेण्ट र खुल्ला स्थानमा नेपाल सरकारले तोकेको स्वास्थ्य सम्बन्धी प्रोटोकलको पालना भए नभएको अवस्थाको अनुगमन गरी देहाय बमोजिम कारवाही गरेको छ ।

- ८२ जना व्यक्तिहरुलाई माक्स नलगाई हिडेकोमा संक्रामक रोग ऐन, २०२० बमोजिम जनही रु १००।- का दरले जरिवाना गरियो ।
- करिब ८५ वटा पसलमा सामाजिक एवं भौतिक दुरी कायम नगरेको, स्यानिटाइजरको प्रयोग नगरेको साथै स्वास्थ्य सम्बन्धी मापदण्ड पालना नगरेकोले चेतावनी सहित सचेत गराइयो ।
- सडक यात्री र सवारी चालकहरुलाई उपयुक्त तरिकाले माक्सको प्रयोग गर्न सिकाइएको ।
- करिब ४० जना माक्स किन्न नसक्ने सडक यात्रीहरुलाई माक्स वितरण गरियो ।
- जिल्ला प्रशासन कार्यालय काठमाडौंको अग्रसरतामा कोभिड १९ को रोकथामका लागि दैनिक अनुगमन गर्ने गरिएको ।

रमा घिमिरे ०७७/०४/२९
प्रशासकीय अधिकृत

कार्यालयको ठेगाना :बबरमहल ,काठमाडौं, नेपाल ।
.फोन नं .०१-४२६२४७८ ,०१-४२६२८२८ ,०१-४२६२४४८ ,०१-४२४८९८५, फ्याक्स नं .०१-४२६२८२८
इमेल :daobabarmahal@gmail.com वेवसाइट: daokathmandu.moha.gov.np